२०७७।११।२७

# प्रवेश परीक्षाको प्रवेश पत्र (Admit Card) वितरण सम्वन्धी

# अत्यन्त जरुरी सूचना

शैक्षिक वर्ष २०७७।०७८ का लागि यस कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गतको पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय रामपुर, चितवनमा संचालन गरिने B. V. Sc. & A. H. र B. Sc. Fisheries मा विद्यार्थी भर्नाको लागि मिति २०७७ फागुन २९ गते लिइने प्रवेश परीक्षामा सहभागी हूने परीक्षार्थीहरुको प्रवेश पत्र (Admit Card) मिति २०७७ फागुन २९ गते विहान ७:०० बजे देखि १०:०० बजेसम्म पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकायमा परिक्षा केन्द्र पर्नेको लागी कक्षा भवन र पर्नेको लगि कृषि संकायमा केन्द्र पर्नेहरुको लागि कृषि संकायको डीन कार्यालयको भवनबाट वितरण गरिने व्यहोरा जानकारी गराइएको छ साथै प्रवेश पत्र लिन परीक्षार्थी स्वयं नागरिकता र Conformation Page सहित उपस्थित हुनु पर्नेछ । नागरिकता र Conformation Page बिना प्रवेश पत्र नदिईने व्यहोरा जानकारी गराईन्छ।

**नोटः**

१. परीक्षा शुरु हुनुभन्दा ३० मिनेट अगाडी परीक्षा हल खुल्नेछ । परीक्षार्थीहरुले तोकिएको Seat Plan अनुसार आफ्नो स्थान ग्रहण गर्नुपर्नेछ ।

२. परीक्षा अवधि भर एक आपसमा कुराकानी गर्न पाईने छैन ।

३. परीक्षार्थीले परीक्षा हलमा मोबाईल, क्यालकुलेटर, किताब, कापी, चिट, Bluetooth Device, Smart Watch, Hearing Aids, Pencil, Eraser इत्यादि लैजान पाउने छैनन् र परीक्षा हलमा लैजान निषेध गरिएका वस्तु लगेको पाईएमा वा अन्य **अनुचित व्यवहार गरेको पाईएमा निरीक्षकले त्यस्ता परीक्षार्थीलाई परीक्षा हलबाट तत्काल निष्काशन गर्न सक्नेछन्** ।

४. परीक्षा शुरु भएको १५ मिनेट भन्दा बढी ढिलो गरी आउने परीक्षार्थीहरुलाई परीक्षा हलमा प्रवेश गर्न दिइने छैन ।

५. परीक्षा शुरु भएको बखत परीक्षार्थीको अभिभावक वा अन्य सम्बन्धित व्यक्तिहरु परीक्षा हल भित्र प्रवेश गर्न पाउने छैनन् ।

६. प्रश्नपत्रमा निर्दिष्ट गरिएको स्थानमा अंग्रेजी अंक र अंग्रेजी शब्दमा रोल नम्बर प्रष्ट संग लेख्नुपर्नेछ र अन्य केहि (जस्तै नाम वा कुनै संकेत) लेख्न पाइने छैन । साथै उत्तर पुस्तिकामा रोल नम्बर, मिती,

२०७७।११।२७

संकाय र प्रश्नपत्रको सेट प्रष्ट बुझिने गरी Bubble box (●) मा लेख्नुपर्नेछ । अन्यथा भएमा सोको जिम्मेवारी परीक्षार्थी स्वयं हुनेछ ।

७. वस्तुगत प्रश्न (Multiple Choice Questions) हल गर्दा एउटा प्रश्नको एउटै उत्तरको Bubble box मा (●) चिन्ह लगाउनु पर्नेछ । उत्तरमा कालो मसिले मात्र (Black Ink Only) चिन्ह लगाउनु पर्नेछ । तर अरु Bubble box मा केरमेट गर्न पाईने छैन ।

८. रफको लागि प्रश्नपत्रको पछाडिको खाली पृष्ठ प्रयोग गर्न सकिने छ ।

९. उत्तर पुस्तिका र प्रश्नपत्र तोडमोड नगरी निरिक्षकलाई नै बुझाउनु पर्नेछ ।

१०. Answer Sheet मा पसिना, पानी पर्न हुदैन ।

११. Attendance Sheet, Answer Sheet र Question Paper मा भएको दस्तखत एकै हुन पर्नेछ ।

१२. Negative Marking को प्रावधान छैन ।

प्रा. डा. होम बहादुर बस्नेत

डीन